


वर्ष ४३ | अंक २ | नेपाल राष्ट्र बैंक समाचार | कात्तिक २०७५ | अक्टोबर-नोभेम्बर २०१८

# गभर्नर डा. नेपाल आईएमएफ र विश्व बैंकको संयुक्त वार्षिक बैठकमा सहभागी




गभर्नर डा. चिरंजीबि नेपाल सन् २०१८ अक्टोबर ११ देखि १३ सम्म इण्डोनेसियाको बालीमा आयोजित अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) र विश्व बैंक (World Bank Group) को संयुक्त वार्षिक बैठकमा सहभागी हुनुभयो । उक्त बैठकका क्रममा आयोजित विभिन्न उच्च स्तरीय सेमिनार हरूमा गभर्नर डा. नेपाल सहभागी हुनुका साथै विभिन्न क्षेत्रीय र द्विपक्षीय बैठकहरूलाई सम्बोधन समेत गर्नुभयो ।

संयुक्त वार्षिक बैठकको मुख्य कार्यक्रमको रुपमा रहेको वार्षिक बैठकको प्लेनरी (Annual Meeting Plenary) मा गभर्नर डा. नेपाल सहभागी हुनुभयो । उक्त प्लेनरीमा इण्डोनेसियाका महामहिम राष्ट्रपति जोको विडोडो (H. E. Joko Widodo) ले सम्बोधन गर्नुभएको थियो ।

अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रबन्ध निर्देशक क्रिष्टिन लेगार्द (Ms. Christine Legarde) ले कोषको क्रियाकलापका बारेमा र विश्व बैंकका अध्यक्ष डा. जिम योङ किम (Dr. Jim Young Kim) ले उक्त बैंकको क्रियाकलापको बारेमा चर्चा गर्नुभएको उक्त प्लेनरीको अध्यक्षता फिनल्याण्डका अर्थमन्त्री पेटेरी ओर्पो (Mr. Petteri Orpo) ले गर्नुभएको थियो ।

गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मौद्रिक तथा वित्तीय समिति (International

बाँकी ३ पृष्ठमा

## थापाथलीमा बन्ने बैंकको नयाँ भवनको शिलान्यास

गभर्नर डा. चिरंजीबि नेपालले थापाथलीमा बन्ने बैंकको नयाँ भवनको २०७५ असोज ५ गते एक समारोहका बीच शिलान्यास गर्नुभयो ।

सो अवसरमा आयोजित भवन शिलान्यास समारोहमा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले बैंक भवन शिलान्यास गर्दाको क्षण जीवनकै सबैभन्दा खुशीको क्षण भएको बताउनु भयो ।



२०७२ सालको भूकम्पबाट बैंकको पुरानो भवन रेट्रोफिट गर्न नमिल्ने गरी क्षति भएको र पुरानै शैलीमा नयाँ भवन बनाउन सम्बन्धित सरकारी निकायका पदाधिकारीहरू सकारात्मक रहेको कारण नयाँ भवन बनाउने बाटो खुलेको चर्चा गर्दै उहाँले बैंकको नयाँ भवन अत्याधुनिक, युरोपेली स्तरको र भूकम्प प्रतिरोधी हुने बताउनु भयो ।

बाँकी ५ पृष्ठमा

## लघु वित्तले पनि विद्युतीय भुक्तानी सेवा प्रदान गर्न सक्ने

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त लघु वित्त वित्तीय संस्थाहरूले पनि भुक्तानी सेवा प्रदायकको रुपमा सेवाग्राहीहरूलाई विद्युतीय माध्यमबाट भुक्तानी सम्बन्धी सेवा प्रदान गर्न सक्ने भएका छन् ।

भुक्तानी प्रणाली विभागले २०७५ असोज १६ गते एक निर्देशन जारी गरी सो कार्यका लागि मापदण्ड र प्रक्रियागत व्यवस्था कायम गरेको छ ।

निर्देशन अनुसार चुक्ता पुँजी कम्तीमा रु.१० करोड भएको, कम्तीमा २० वटा शाखा कार्यालय सञ्चालन गरेको, कम्तीमा २० हजार ग्राहकहरूसँग कर्जा तथा बचतको कारोबार गरेको र विश्वसनीय तथा भरपर्दो सूचना प्रविधि प्रणाली प्रयोग गरेका इजाजतपत्र प्राप्त लघु वित्त वित्तीय संस्थाहरूले विद्युतीय माध्यमबाट भुक्तानी सेवा प्रदान गर्न सक्ने छन् । यसका लागि केन्द्रीय बैंकमा पेश गर्नु पर्ने तथ्यांक तथा विवरण अनलाइन मार्फत पेश गर्ने प्रतिबद्धता पत्र समेत पेश गरेको हुनु पर्नेछ ।

उपरोक्त सेवा प्रदान गर्न इच्छुक लघु वित्त वित्तीय संस्थाहरूले तोकिएको प्रक्रिया पूरा गरी केन्द्रीय बैंक समक्ष निवेदन पेश गर्नु पर्नेछ । निवेदन साथ संस्थाको सञ्चालक समितिबाट विद्युतीय माध्यमबाट गरिने कारोबार र सेवा सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि, भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई प्रदान गरिने अनुमति नीति, २०७३ को अनुसूची ३ र ४ सम्बन्धी विवरण, संस्थाको सूचना प्रविधि नीति, Product Manual, User Manual सम्बन्धी विवरण, जोखिम पहिचान, न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी गरिएका व्यवस्थाहरू र विवाद समाधान कार्यविधिको प्रतिलिपि तथा विद्युतीय भुक्तानी कार्डको माध्यमबाट कारोबार गर्न Switching संस्था र दूरसञ्चार सञ्जाल मार्फत कारोबार गर्न दूरसञ्चार सेवा प्रदायक/इन्टरनेट सेवा प्रदायक संस्थाहरूसँग सेवा उपयोग गर्ने सम्बन्धी सम्झौताहरूको प्रतिलिपि पेश गर्नु पर्नेछ । साथै, संस्थाले Data Centre र Data Recovery Site सम्बन्धी व्यवस्था गरी कार्ड होल्डरको तथ्यांकको सुरक्षाको प्रत्याभूति गरेको हुनु पर्ने, संस्थाको केन्द्रीय कार्यालय र कारोबार सञ्चालन गर्ने शाखा कार्यालयहरू बीच Online Network Connectivity सम्बन्धी व्यवस्था गरेको हुनु पर्ने, भुक्तानी कारोबारको लागि आवश्यक तरलता तथा जोखिम व्यवस्थापन सम्बन्धी प्रतिबद्धता पेश गरेको हुनु पर्ने, Access Control Measure सम्बन्धी व्यवस्था गरी भुक्तानी प्रणालीको नियमित अनुगमनको व्यवस्था मिलाएको हुनु पर्ने तथा आन्तरिक रूपमा भुक्तानी प्रणालीको नियमित अनुगमन र ओभरसाइट गर्नु पर्ने व्यवस्था कायम गरिएको छ ।

यसरी प्रदान गरिने भुक्तानी सेवाको कारोबार सम्पन्न भएपछि सम्बन्धित संस्थाले सर्ट म्यासेज सर्भिस (SMS Alert) सेवा प्रदान गर्नु पर्नेछ । SMS मार्फत खाताको विवरण/वित्तीय कारोबारको जानकारी सेवाग्राहीहरूलाई दिनु पूर्व तोकिएको मापदण्ड र प्रक्रियागत व्यवस्था पूरा गरी यस बैंकबाट अनुमति लिनु पर्नेछ ।

## दैनिक २५ किलो ग्रामसम्म सुन आयात गर्न सकिने

विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ असोज १८ गते एक परिपत्र जारी गरी नेपाली बैंकहरूले दैनिक आयात गर्न सक्ने सुनको परिमाण २०७५ मंसिर मसान्तसम्मको लागि २५ किलो ग्राम कायम गरेको छ । आयात गरिने सुन १००, २०० र ५०० ग्रामसम्मको परिमाण आयात गरी बिक्री वितरण गर्नु पर्ने परिपत्रमा उल्लेख छ । यस अघि बैंकहरूले दैनिक २० किलो ग्रामसम्मको सुन आयात गर्न सक्ने र १००, २००, ५०० ग्राम तथा १ किलो ग्रामसम्मको सुन आयात गरी बिक्री वितरण गर्नु पर्ने व्यवस्था थियो ।

यसै गरी आयात गरिएको सुनमध्ये ५० प्रतिशत साविक बागमती अञ्चलका ८ जिल्लाहरूमा र बाँकी ५० प्रतिशत अन्य जिल्लाहरूमा बिक्री वितरण गर्नु पर्नेछ । यस अघि आयात गरिएको सुनमध्ये ६० प्रतिशत साविक बागमती अञ्चलका ८ जिल्लाहरूमा र बाँकी ४० प्रतिशत अन्य जिल्लाहरूमा बिक्री वितरण गर्नु पर्ने व्यवस्था थियो ।

## सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान सम्बन्धी कार्यविधि लागू

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ असोज ११ गते एक परिपत्र जारी गरी सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ लागू गरेको छ । नयाँ कार्यविधि लागू भएसँगै यस अघिको व्यावसायिक कृषि तथा पशुपञ्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ र भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्व्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४ खारेज गरिएको छ ।

नयाँ कार्यविधि बमोजिम लक्षित ऋणीहरूलाई ब्याज अनुदान प्राप्त हुने गरी बैंक तथा वित्तीय संस्थाहरूले विभिन्न ७ प्रकारका सहुलियतपूर्ण कर्जा प्रवाह गर्न सक्नेछन् । यस अन्तर्गत प्रति ऋणी रु.५ करोडसम्मको व्यावसायिक कृषि तथा पशुपञ्छी कर्जा, रु.७ लाखसम्मको शिक्षित युवा स्वरोजगार कर्जा, रु.१० लाखसम्मको विदेशबाट फर्केका युवा परियोजना कर्जा, रु.१५ लाखसम्मको महिला उद्यमशील कर्जा, रु.१० लाखसम्मको दलित समुदाय व्यवसाय विकास कर्जा, रु.५ लाखसम्मको उच्च र प्राविधिक तथा व्यावसायिक कर्जा र रु.३ लाखसम्मको भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा रहेका छन् ।

यी कर्जाको भुक्तानी अवधि बढीमा ५ वर्षको हुने तर व्यवसायको प्रकृति अनुसार सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूले कर्जाको अवधि तोक्न सक्ने कार्यविधिमा उल्लेख छ । साथै, यस्तो कर्जाको भुक्तानी प्रयोजनको लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले कर्जाको प्रकार, रकम, उद्देश्य र जोखिमको स्तर लगायतका आधारमा किस्ता भुक्तानी अवधि निर्धारण गर्न सक्नेछन् ।

कार्यविधि अनुसार नेपाल सरकारले ब्याज अनुदान उपलब्ध गराउने कर्जामा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आफ्नो आधार दरमा २ प्रतिशत विन्दु भन्दा बढी नहुने गरी ब्याज दर कायम गर्नु पर्नेछ । यस्तो कर्जा प्रवाह गर्दा कर्जाको ब्याज बाहेक अन्य कुनै प्रकारको थप सेवा शुल्क लिन पाइने छैन ।

बैंक तथा वित्तीय संस्थाहरूले रु.१० लाखसम्मको व्यावसायिक कृषि तथा पशुपञ्छी कर्जा सामूहिक जमानीमा र सो भन्दा बढीको कर्जा व्यावसायिक परियोजना धितोमा प्रवाह गर्न सक्नेछन् । शिक्षित युवा स्वरोजगार कर्जा सक्कल शैक्षिक प्रमाणपत्र धितो राखी प्रवाह गर्न सकिने छ । युवा परियोजना कर्जा वैदेशिक रोजगारीबाट फर्केका युवाले सञ्चालन गर्ने परियोजना धितोमा प्रवाह गर्न सकिने छ भने महिला उद्यमशील कर्जा र दलित समुदाय व्यवसाय विकास कर्जा एकल वा सामूहिक जमानीमा उपलब्ध हुनेछ । साथै, भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा सामूहिक वा धितो जमानीमा प्रवाह हुने कार्यविधिमा उल्लेख छ ।

# गभर्नर डा. नेपाल र आईएमएफका वरिष्ठ अधिकारीहरूबीच भेटवार्ता

सन् २०१८ को अक्टोबर ११ देखि १३ सम्म इण्डोनेसियाको बालीमा आयोजित अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको संयुक्त वार्षिक बैठकमा सहभागी हुने क्रममा गभर्नर डा. चिरंजीबि नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषका उपमहानिर्देशक ताओ झाङ (Mr. Tao Zhang) सँग बालीमा भेटवार्ता गर्नुभयो ।





भेटवार्तामा गभर्नर डा. नेपाल र उपमहानिर्देशक झाङबीच अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य, नेपालको वर्तमान आर्थिक स्थिति तथा मुद्रा कोषले नेपाललाई पुऱ्याएको सहयोग लगायतका विषयमा छलफल भएको थियो ।

सो अवसरमा गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपाललाई पुऱ्याएको सहयोग प्रति धन्यवाद व्यक्त गर्नुका साथै आगामी दिनमा समेत नेपालको आर्थिक तथा वित्तीय क्षेत्रको सुदृढीकरणमा कोषको सहयोग आवश्यक हुने बताउनु भयो ।

वार्षिक बैठककै क्रममा गभर्नर डा. नेपाल र अन्तर्राष्ट्रिय मुद्रा कोषका एसिया तथा प्रशान्त विभागका निर्देशक डा. चाङ योङ र्‍ही (Dr. Chang Young Rhee) बीच भेटवार्ता सम्पन्न भयो ।

उक्त भेटमा गभर्नर डा. नेपालले नेपाली अर्थतन्त्रको समसामयिक स्थिति र नेपालको चालु आर्थिक वर्षको मौद्रिक नीति मार्फत लिइएका नीतिहरू एवम् वित्तीय स्थायित्वका लागि लिइएका नीतिगत व्यवस्थाहरूका बारेमा जानकारी गराउनु भयो । साथै, उहाँले निकट भविष्यमा नेपाल आउने Article IV Consultation Mission बाट नेपालको वित्तीय एवम् मौद्रिक क्षेत्रको सुधारका लागि थप सुझाव प्राप्त हुने अपेक्षा व्यक्त गर्नुभयो ।

उक्त भेटमा निर्देशक डा. र्‍हीले नेपाल राष्ट्र बैंकले मौद्रिक तथा वित्तीय व्यवस्थापनका सम्बन्धमा चालेका कदमहरूको सराहना गर्नुभएको थियो ।

साथै, गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषका दक्षिण पूर्वी एसियाली मतदान समूहका कार्यकारी निर्देशक जुदा आगुङ्ग (Mr. Juda Agung) सँग पनि भेटवार्ता गर्नुभयो ।

भेटमा गभर्नर डा. नेपाल र कार्यकारी निर्देशक आगुङ्गबीच मुद्रा कोषले नेपाललाई प्रदान गर्दै आएको नीतिगत सल्लाह र सुझाव, नेपालको समष्टिगत आर्थिक अवस्था लगायत क्षमता विकासका लागि प्रदान गर्दै आएको तालिमका बारेमा छलफल भएको थियो ।

## गभर्नर डा. नेपाल...

Monetary and Financial Committee) को प्लेनरी सेसन र विश्व बैंकद्वारा आयोजित V20 Ministerial Meeting मा पनि सहभागिता जनाउनु भयो ।

त्यस्तै, वार्षिक बैठकको क्रममा आयोजित विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको दक्षिण पूर्वी एसियाली मतदान समूहको बैठकमा गभर्नर डा. नेपाल सहभागी हुनुभयो । उक्त बैठकमा दक्षिण पूर्वी एसिया समूहका अर्थमन्त्री, गभर्नर र उच्च पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

बैठकमा सो समूहका कार्यकारी निर्देशकहरूले विश्व अर्थतन्त्र, विश्व व्यापार, वित्तीय क्षेत्र र दक्षिण पूर्वी एसिया क्षेत्रको समसामयिक आर्थिक विषयहरू एवम् Trade Wars: Implication to the Global and Regional Economy, Trade Wars: Implication to the Global and Asia,



अर्थमन्त्री ओर्पो, प्रवन्ध निर्देशक लेगार्द, राष्ट्रपति विडोडो र अध्यक्ष डा. किम

Global Outlook and Policy Agenda लगायतका विषयहरूमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्र विश्व अर्थतन्त्रको दिशा, विश्व व्यापार, संयुक्त राज्य अमेरिकाको आर्थिक नीतिले विश्व अर्थतन्त्रमा पर्न सक्ने प्रभाव र विश्व अर्थतन्त्रका सम्भावित जोखिमहरूमा केन्द्रित रहेको थियो ।

वार्षिक बैठककै क्रममा बालीमा २०१८ अक्टोबर ९ मा आयोजित Empowering Women in the Workplace, अक्टोबर १० मा आयोजित How Global Trade Can Promote Growth for All र अक्टोबर ११ मा आयोजित The Bali FinTech Agenda विषयक सेमिनारहरूमा गभर्नर डा. नेपाल सहभागी हुनुभएको थियो ।

बैठकमा भाग लिन गभर्नर डा. नेपाल २०७५ असोज २१ गते इण्डोनेसियातर्फ प्रस्थान गर्नुभएको थियो भने असोज ३० गते स्वदेश फर्कनु भएको थियो ।

आ-आफ्ना संस्थाको नीति तथा कार्यक्रमको बारेमा छलफल गर्न IMF Board of Governors तथा World Bank Board of Governors को वर्षमा एक पटक संयुक्त बैठक गर्ने परम्परा अनुसार सो बैठक आयोजना गरिएको हो । बाली बैठकमा विश्वका १८८ सदस्य राष्ट्रका अर्थमन्त्री, केन्द्रीय बैंकका गभर्नर, प्राज्ञिक क्षेत्र तथा निजी क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा र गभर्नरको कार्यालयका कायम मुकायम निर्देशक गोविन्दप्रसाद नागिला पनि सहभागी हुनुहुन्थ्यो ।

# दोस्रो थोक मूल्य सर्वेक्षणको प्रतिवेदन सार्वजनिक

नेपाल राष्ट्र बैंकले सम्पन्न गरेको दोस्रो थोक मूल्य सर्वेक्षणको प्रतिवेदन गभर्नर डा. चिरंजीबि नेपालले २०७५ असोज ७ गते काठमाडौंमा आयोजित एक समारोहमा सार्वजनिक गर्नुभयो ।



समारोहमा गभर्नर डा. नेपालले समय परिस्थिति अनुसार सर्वसाधारणको उपभोग प्रवृत्ति र आर्थिक क्रियाकलापमा परिवर्तन आउने र सोही परिवर्तन अनुरुपको सही मूल्य सूचकांक तयार गर्न बैंकले दोस्रो थोक मूल्य सर्वेक्षण गरेको बताउनु भयो ।

सर्वेक्षणबाट प्राप्त तथ्यांकको आधारमा आर्थिक वर्ष २०७४/७५ लाई आधार वर्ष मानी नयाँ थोक मूल्य सूचकांक तयार गरी बैंकले प्रकाशन गरेको चर्चा गर्दै उहाँले थोक मूल्यको उपभोक्ता मूल्यमा पर्ने प्रभाव एवम् वितरण प्रणालीको प्रभावकारिता र आपूर्ति प्रणालीको सक्षमता मूल्याङ्कन गर्न थोक मूल्य सूचकांकले सहयोग पुर्‍याउने धारणा व्यक्त गर्नुभयो । साथै, उहाँले थोक मूल्य सूचकांकको प्रकाशनबाट देशको निर्माण क्षेत्र, पुँजीगत वस्तुको बजार, सुरक्षा निकायको रासन ठेक्का लगायतको मूल्य निर्धारणमा सहयोग पुग्ने बताउनु भयो ।

बैंक तथा वित्तीय संस्थाहरूको संख्या र शाखा सञ्जाल बढेसँगै देशमा वित्तीय पहुँच बढिरहेको चर्चा गर्दै उहाँले मुलुक संघीय संरचनामा गइसकेको परिप्रेक्ष्यमा वित्तीय पहुँचको विस्तार जुन रूपमा हुनु पर्ने हो सो हुन नसकेको बताउनु भयो ।

समारोहमा गभर्नर डा. नेपालले संघीय संरचनामा लघु वित्त सेवाको पहुँच तथा संरचना सम्बन्धी अध्ययनको प्रतिवेदन पनि सार्वजनिक गर्नुभएको थियो ।

डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठको उपस्थिति रहेको उक्त समारोहमा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले स्वागत मन्तव्य व्यक्त गर्दै प्रतिवेदनको सारांश प्रस्तुत गर्नुभयो ।

सो अवसरमा उहाँले नयाँ थोक मूल्य सूचकांक निर्माणको लागि सर्वेक्षण कार्य दुई चरणमा सम्पन्न गरिएको चर्चा गर्दै पहिलो चरणमा आर्थिक वर्ष २०७३/७४ मा मूल्य प्रदायक निकायहरूको पहिचान गर्ने तथा वस्तुको विस्तृत विवरण, मात्रा र गुणस्तर आदिको सर्वेक्षण कार्य सम्पन्न गरिएको र दोस्रो चरणमा आर्थिक वर्ष २०७४/७५ मा आधार वर्षको मूल्य संकलन गर्ने कार्य सम्पन्न गरिएको बताउनु भयो ।

समारोहमा दोस्रो थोक मूल्य सर्वेक्षणको प्रतिवेदनमाथि सहभागीहरूबीच छलफल गरिएको थियो । छलफलका क्रममा उठेका जिज्ञासाको जवाफ गभर्नर डा. नेपाल र कार्यकारी निर्देशक थापाले दिनुभएको थियो ।

बैंकका वरिष्ठ अधिकृतहरू, केन्द्रीय तथ्यांक विभागका अधिकृतहरू, उद्योगी, व्यापारी, बैंकर्स तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको उक्त समारोहको सञ्चालन अनुसन्धान विभागका निर्देशक डा. डिल्लीराम पोखेलले गर्नुभएको थियो ।

सामान्यतयाः एउटा व्यावसायिक संस्थाले अर्को संस्थालाई पुनः बिक्री गर्ने उद्देश्यले ठूलो परिमाणमा वस्तु बिक्री गर्दा लिने मूल्यलाई थोक मूल्य भनिन्छ । थोक मूल्य सूचकांकले थोक मूल्यमा हुने परिवर्तन मापन गर्दछ ।

नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय अभ्यास अनुरुपकै कुल कारोबार गणना विधि अनुशरण गरी दोस्रो थोक मूल्य सूचकांक निर्माण गरी प्रकाशन गरेको छ । यसको निमित्त कुल १,२११ वस्तुहरूलाई अन्तर्राष्ट्रिय वर्गीकरण विधि अनुसार ५२ समूह तथा उपसमूहमा विभाजन गरी छनौट गरिएका २६२ वस्तुहरूको देशभरिका २४ वटा बजार केन्द्रबाट मूल्य तथ्यांक संकलन गर्ने व्यवस्था मिलाइएको छ ।

अर्थतन्त्रको संरचनात्मक परिवर्तनसँगै हुने वस्तु प्रतिस्थापन तथा नयाँ वस्तुको आगमन समेतलाई दृष्टिगत गरी सूचकांक निर्माण गर्ने पद्दति सुरु गरिएको हो ।

विश्वमा हाल ८५ मुलुकहरूले मात्र थोक मूल्य सूचकांक निर्माण गर्दै आएका र सार्क मुलुकहरूमध्ये नेपाल, भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाले यस्तो सूचकांक निर्माण गर्दै आएको कार्यक्रममा जानकारी दिइयो । साथै, नेपालले आर्थिक वर्ष २०३५/३६ देखि थोक मूल्य संकलन कार्य प्रारम्भ गरेको भए पनि व्यवस्थित रूपमा थोक मूल्य सूचकाङ्क निर्माण गरी सार्वजनिक गर्ने कार्य आर्थिक वर्ष २०५६/५७ देखि गर्दै आएको पनि जानकारी दिइयो ।

# गभर्नर डा. नेपाल सार्कफाइनान्स बैठकमा सहभागी

सन् २०१८ को अक्टोबर ११ देखि १३ सम्म इण्डोनेसियाको बालीमा आयोजित अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको संयुक्त वार्षिक बैठकको समानान्तर बैठकको रुपमा अफगानिस्तानको केन्द्रीय बैंक दा अफगानिस्तान बैंकका गभर्नरको अध्यक्षतामा ३७ औं SAARCFINANCE Group Meeting सम्पन्न भयो । उक्त बैठकमा गभर्नर डा. चिरंजीबि नेपाल सहभागी हुनुभयो । बैठकमा सार्क मुलुकहरूको Macroeconomic Surveillance, SAARC Database र क्षमता विकास लगायतका ७ वटा विषयमा छलफल हुनुका साथै सन् २०१९ को वार्षिक कार्यक्रमको खाका तय गरिएको थियो । उक्त बैठकले सन् २०१८ को जुनमा काठमाडौंमा आयोजित सार्कफाइनान्स गभनर्स सिम्पोजियम अविस्मरणीय रहेको उल्लेख गर्दै आयोजक नेपाल राष्ट्र बैंकलाई धन्यवाद ज्ञापन गर्ने प्रस्ताव पारित गरेको थियो ।

साथै, उक्त बैठकमा दा अफगानिस्तान बैंकका गभर्नर खलिलुलाह सिद्दिकीले रोयल मनिटरी अथोरिटी अफ भुटानका गभर्नर दासो पेन्जोरेलाई सार्कफाइनान्सको अध्यक्षता हस्तान्तरण गर्नुभएको थियो ।

# विवेकशील नियमनका कारण नेपाली बैंकिङ क्षेत्र मजबुत

गभर्नर डा. चिरंजीबि नेपालले केन्द्रीय बैंकको विवेकशील नियमनका कारण नेपाली बैंकिङ क्षेत्र मजबुत रहेको बताउनु भएको छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले २०७५ असोज १९ गते काठमाडौंमा आयोजना गरेको Financial Sector Stability: A Priority for National Agenda विषयक अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै गभर्नर डा. नेपालले आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिमार्फत नेपालमा वित्तीय क्षेत्र स्थायित्व सशक्तीकरणका लागि थप मापदण्डहरू अवलम्बन गरिएको बताउनु भयो ।

समारोहमा प्रमुख अतिथि रहनु भएका गभर्नर डा. नेपालले देशको अर्थतन्त्रमा ठूलो रकम परिचालन गर्ने बचत तथा ऋण सहकारी संस्थाहरू र अन्य गैरबैंकिङ वित्तीय संस्थाहरूको फितलो नियमन व्यवस्थाले देशको वित्तीय क्षेत्रमा अदृश्य जोखिम बढेको उल्लेख गर्नुभयो साथै उहाँले नेपालको वित्तीय क्षेत्र स्थायित्व थप मजबुत बनाउन ती संस्थाहरूलाई पनि प्रभावकारी नियमनको दायराभित्र ल्याउनु पर्ने आवश्यकता औंल्याउनु भयो ।

नेपाली अर्थतन्त्रमा प्रवाह हुने कुल रकमको १५ प्रतिशत रकम परिचालन गर्ने संस्थाहरू प्रभावकारी नियमन व्यवस्था बाहिर रहेको र ती संस्थाहरूमा संस्थागत सुशासनको समेत अभाव रहेको चर्चा गर्दै उहाँले यस क्षेत्रमा गम्भीर समस्या देखा परेमा देशको सिंगो वित्तीय क्षेत्रलाई नै आघात पुऱ्याउने जोखिम रहेको बताउनु भयो ।

समारोहमा अर्थ मन्त्रालयका सहसचिव श्रीकृष्ण नेपालले दिगो आर्थिक वृद्धि र यसको स्थायित्वका लागि स्वस्थ वित्तीय क्षेत्र र वित्तीय स्थायित्व महत्वपूर्ण रहेको बताउनु भयो ।

बेलायती अन्तर्राष्ट्रिय सहयोग नियोगको सहयोगमा नेपालमा सञ्चालित वित्तीय क्षेत्र स्थायित्व कार्यक्रमका अर्थ-राजनीतिक सल्लाहकार तथा नेपाल सरकारका पूर्व मुख्य सचिव विमल कोइराला, नेपाल बैंकर्स संघका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगाना, उक्त नियोगका वरिष्ठ आर्थिक सल्लाहकार स्ट्राहान स्पेन्सरले पनि मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा सेजनका अध्यक्ष पुष्पराज आचार्यले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

उद्घाटन समारोह पश्चात् नेपाल सरकारका पूर्व मन्त्री तथा अर्थसचिव विद्याधर मल्लिकको अध्यक्षतामा वित्तीय क्षेत्र स्थायित्व विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । अन्तरक्रियामा पूर्व कायम मुकायम गभर्नर कृष्णबहादुर मानन्धर र वित्तीय क्षेत्र स्थायित्व कार्यक्रमका केन्द्रीय बैंकिङ विज्ञ मार्टिन गुलफोयलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । ती कार्यपत्रमाथि टिप्पणी गर्दै अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले नेपालका सरकारी स्वामित्वका दुइटा वाणिज्य बैंकलाई सरकारले पुँजी थपेर बचाएको उल्लेख गर्नुभयो । वित्तीय क्षेत्र स्थायित्वका लागि नेपाल सरकारले सन् २००० देखि २०१५ सम्ममा २८ अर्ब रुपैयाँ खर्च गरेको चर्चा गर्दै उहाँले यसबाट वित्तीय क्षेत्र स्थायित्वलाई नेपाल सरकारले प्राथमिकतामा राखेको कुरा प्रष्ट भएको बताउनु भयो ।

अन्तरक्रियाको अन्तमा भुमि सुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोपीनाथ मैनालीको अध्यक्षतामा बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा अनुगमन विषयक छलफल कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा सहकारी विभागका पूर्व रजिष्ट्रार सुदर्शन ढकाल र क्यानाडाका वित्तीय क्षेत्र प्राविधिक परामर्शदाता पियरे सेगुइनले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । ती कार्यपत्रमाथि पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्री, सहकारी विभागका रजिष्ट्रार केशव रेग्मी र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.का अध्यक्ष डी. बी. बस्नेतले टिप्पणी गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा सेजनका महासचिव भीमप्रसाद गौतमले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## थापाथलीमा बन्ने...



नयाँ भवनको बाहिरी रूप पुरानै रहने तर भित्री बनावट आधुनिक केन्द्रीय बैंक सुहाउँदो हुने चर्चा गर्दै उहाँले भवन निर्माण कार्यमा सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा व्यक्त गर्नुभयो ।

समारोहमा स्वागत मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले ३० महिनामा केन्द्रीय बैंकको लागि चाहिने सम्पूर्ण सेवा सुविधा सहितको नयाँ भवन निर्माण हुने बताउनु भयो ।

भूकम्पबाट क्षतिग्रस्त बैंकको पुरानो भवनको पुनर्निर्माण प्रक्रियागत कारणले गर्दा केही ढिला भएको उल्लेख गर्दै उहाँले अब कुल रु.१ अर्ब ८७ करोड लागतमा दुई तल्ला अण्डरग्राउण्ड सहितको नयाँ भवन बन्ने उहाँले बताउनु भयो ।

डेपुटी गभर्नर शिवराज श्रेष्ठ, सञ्चालकहरू डा. राजन खनाल, डा. श्रीराम पौडेल, रामजी रेग्मी र सुवोधकुमार कर्णको उपस्थिति रहेको उक्त समारोहमा पुरातत्व विभागका महानिर्देशक भेषनारायण दाहालले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

नेपाल बैंकर्स संघ, डेभलपमेन्ट बैंकर्स एसोसियसन, वित्तीय संस्था संघका प्रतिनिधिहरूका साथै बैंकका अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको उक्त समारोहको सञ्चालन गभर्नरको कार्यालयका कायम मुकायम निर्देशक गोविन्दप्रसाद नागिलाले गर्नुभएको थियो ।



# संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन विषयक अन्तरक्रिया सम्पन्न

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ असोज २५ गते काठमाडौंमा विभिन्न बैंक तथा वित्तीय संस्थाका अध्यक्ष तथा सञ्चालकहरूको सहभागितामा संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन विषयक अन्तरक्रिया आयोजना गर्‍यो ।

अन्तरक्रियामा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरूले नेपाल राष्ट्र बैंकले जारी गरेको संस्थागत सुशासन सम्बन्धी निर्देशनका बारेमा जानकारी राख्नु पर्नेमा जोड दिँदै आ-आफ्नो संस्थामा सोको पालना भए नभएको सम्बन्धमा सदैव चनाखो हुनुपर्ने बताउनु भयो ।



आफ्नो संस्थामा निहित विभिन्न किसिमका जोखिमहरूको पहिचान र व्यवस्थापन सम्बन्धमा पनि सञ्चालकहरूले जानकारी राख्नु पर्ने चर्चा गर्दै उहाँले सो सम्बन्धी नीति निर्माण र कार्यान्वयनमा सञ्चालकहरू चनाखो बन्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

अन्तरक्रियामा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले Good Corporate Governance and Risk Management विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले केन्द्रीय बैंकबाट संस्थागत सुशासन र जोखिम व्यवस्थापन सम्बन्धी निर्देशन जारी गर्नु पर्नाको ऐतिहासिक पृष्ठभूमि सहित जारी भएका निर्देशन तथा व्यवस्थाहरूको जानकारी गराउँदै ती व्यवस्थाहरूको पालना तथा कार्यान्वयनमा बैंक तथा वित्तीय संस्थाका सञ्चालकको जिम्मेवारी र भूमिकाको बारेमा प्रष्ट पार्नुभयो ।

अन्तरक्रियामा सहभागीहरूले राखेका विभिन्न जिज्ञासाको जवाफ कार्यकारी निर्देशक श्रेष्ठ र बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले दिनुभएको थियो ।

कार्यकारी निर्देशकद्वय विकास बैंक सुपरिवेक्षण विभागका भुवन कँडेल र वित्त कम्पनी सुपरिवेक्षण विभागका ऋषिकेश भट्टको पनि उपस्थिति रहेको उक्त कार्यक्रमको सुरुमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कायम मुकायम निर्देशक नरेन्द्रसिंह विष्टले अन्तरक्रिया आयोजना गर्नुको औचित्य र उपादेयतामाथि प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाका कुल ६० जना अध्यक्ष तथा सञ्चालकहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन सोही विभागका उपनिर्देशक केशवप्रसाद तिमिल्सिनाले गर्नुभएको थियो ।

# डेपुटी गभर्नर श्रेष्ठको अध्यक्षतामा आप्राका बैठक र साधारण सभा सम्पन्न

डेपुटी गभर्नर शिवराज श्रेष्ठको अध्यक्षतामा ७० औं आप्राका कार्यकारी समितिको बैठक तथा २१ औं साधारण सभा २०१८ अक्टोबर ९ मा श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न भयो । उक्त बैठक तथा सभाले आप्राकाको रणनीतिक योजना २०१९-२०२४ उपर छलफल गरी स्वीकृत गर्‍यो ।

डेपुटी गभर्नर श्रेष्ठ एसिया प्रशान्त क्षेत्रीय ग्रामिण तथा कृषि कर्जा संगठन, आप्राका (The Asia Pacific Rural and Agricultural Credit Association- APRACA) को अध्यक्ष हुनुहुन्छ ।

उक्त बैठक तथा सभाको सिलसिलामा २०१८ अक्टोबर ८ मा कोलम्बोमा Financing Micro, Small and Medium Enterprises: Solutions for Missing Middle विषयक क्षेत्रीय नीतिगत बहस (Regional Policy Forum) आयोजना गरियो ।

श्रीलंकाका अर्थमन्त्री मंगला समारावीरा, समाज कल्याण तथा उद्योग मन्त्री दया गामागे र सेन्ट्रल बैंक अफ श्रीलंकाका गभर्नर डा. इन्द्रजीत कुमारास्वामी (Dr. Indrajit Coomaraswamy) ले पनि सम्बोधन गर्नुभएको उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर तथा आप्राका अध्यक्ष श्रेष्ठले आप्राकाले स्थापनाकालदेखि नै विभिन्न प्रकारका ग्रामिण तथा कृषि कर्जाको माध्यमबाट एसिया तथा प्रशान्त क्षेत्रका ग्रामिण गरिब वर्गको जीवनस्तर उकास्न ग्रामिण लघु वित्तीय संस्थाहरूको प्रवर्द्धन तथा विकासका लागि निरन्तर लागि रहेको बताउनु भयो । यस प्रकारको नीतिगत बहस विकासशील तथा विकसित देशहरूको मेरुदण्डको रुपमा रहेका लाखौं साना तथा लघु उद्यमीहरूको हितको लागि अत्यावश्यक रहेको चर्चा गर्दै उहाँले आप्राकाको हरेक कार्यक्रममा नेपाल राष्ट्र बैंकले सक्रिय सहभागिता जनाउँदै आएको उल्लेख गर्नुभयो ।




कार्यक्रममा बैंक अफ सिलोनका प्रमुख कार्यकारी अधिकृत तथा आप्राकाका उपाध्यक्ष सेनारथ बन्दराले साना, मझौला तथा लघु उद्यमको माध्यमबाट एसिया तथा प्रशान्त क्षेत्रमा वित्तीय पहुँच बढाउन अपनाउनु पर्ने माध्यम तथा यसका चुनौतीहरूका बारे छलफल गर्ने उक्त नीतिगत बहसको उद्देश्य रहेको बताउनु भयो ।

कार्यक्रममा २४ मुलुकका ८४ आप्राका सदस्य संस्थाहरूबाट १५० जनाको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक जनकबहादुर अधिकारी पनि सहभागी हुनुभएको थियो ।

# वित्त कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूसँगको अन्तरक्रिया

डेपुटी गभर्नर शिवराज श्रेष्ठले बैंक तथा वित्तीय संस्थाहरूले स्वनियमनमा बस्नुपर्ने कुरा बताउनु भएको छ।

वित्त कम्पनी सुपरिवेक्षण विभागद्वारा २०७५ असोज ५ गते काठमाडौंमा आयोजित वित्त कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनसँगको अन्तरक्रिया कार्यक्रममा मन्तव्य व्यक्त गर्दै उहाँले संस्थाको सुधारका लागि नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनबाट प्राप्त निर्देशनको मात्र बाटो नहेरी वित्त कम्पनीहरूले आफैंले सुधारात्मक व्यवस्थापनको बाटो अवलम्बन गर्नु पर्नेमा जोड दिनु भयो।

पुँजी बढे अनुसार लगानीकर्ताहरूले बढी प्रतिफल खोज्ने भएकोले वित्त कम्पनीहरूलाई प्रतिस्पर्धात्मक वित्तीय बजारमा चुनौती थपिएको धारणा राख्दै उहाँले संस्थाले धान्न सक्ने गरी खर्च गर्नुपर्ने र सम्पत्ति तथा दायित्वको व्यवस्थापन जोखिममा आधारित भएर गर्नुपर्ने बताउनु भयो। साथै उहाँले संस्थाको काम एउटै कर्मचारीको भरमा गर्न नहुने र एउटाले गरेको काममा अर्कोले क्रस चेक हुने प्रणालीको विकास गर्नु पर्ने बताउनु भयो।

अन्तरक्रियामा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ दिँदै डेपुटी गभर्नर श्रेष्ठले नेपाल राष्ट्र बैंक संस्था सबलीकरणको उद्देश्यबाट प्रेरित भएको र संस्थाको हितकै लागि नियमित निरीक्षण हुने गरेकोले निरीक्षकहरूलाई सहयोग गर्नुपर्ने बताउनु भयो।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले वाणिज्य बैंकहरूले वित्त कम्पनीका राम्रा ऋणी तथा कर्मचारीहरू खोसाखोस गर्ने गरेको भन्ने कुरा प्रति टिप्पणी गर्दै व्यवसाय गर्न सबै स्वतन्त्र रहेको तर नीति/निर्देशनको बर्खिलाप गर्न कसैलाई छुट नभएको कुरा बताउनु भयो।

विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक भुवन कँडेलले विकास बैंकहरूको कार्य प्रकृति एकै भएको र पुँजी वृद्धिको तुलनामा विकास बैंकहरू पनि व्यावसायिक अभिवृद्धिमा लागि परेकोले तीव्र प्रतिस्पर्धा रहेको बताउनु भयो। उहाँले पुँजी नपुगेका वित्त कम्पनीहरूले पनि बेलैमा पुँजी पुऱ्याउने, संस्थाको सबलीकरणमा ध्यान दिने तथा समग्र बैंकिङ प्रणालीप्रतिको विश्वसनीयतामा अभिवृद्धि गर्ने कार्य गर्नुपर्ने बताउनु भयो।

कार्यक्रमको सुरुमा अन्तरक्रिया कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले वित्त कम्पनी र नेपाल राष्ट्र बैंक बीच निरन्तर संवाद भइरहनुपर्ने आवश्यकता औंल्याउँदै एक आपसमा भएका गुनासाहरू उपर छलफल गर्न अन्तरक्रिया आयोजना गरिएको बताउनु भयो। साथै, उहाँले जोखिममा आधारित सुपरिवेक्षण र नेपाल फाइनान्सियल रिपोर्टिङ स्टाण्डर्ड (एनएफआरएस) लागू गरिने योजना

बाँकी ८ पृष्ठमा

# बैतडीमा आर्थिक गतिविधि सम्बन्धी अन्तरक्रिया सम्पन्न

धनगढी कार्यालयले बैतडी जिल्लाको गोठालापानीमा २०७५ असोज १९ गते समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी अन्तरक्रिया आयोजना गऱ्यो।

अन्तरक्रियामा धनगढी कार्यालयका निर्देशक किरण पण्डितले बैतडी जिल्लाको आर्थिक गतिविधिका सम्बन्धमा देखिएका समस्या, सुझाव तथा तिनको समाधानको लागि चाल्नु पर्ने कदमहरूको चर्चा गर्दै नेपाल राष्ट्र बैंकले सदैव सरोकारवालाहरूसँग समन्वय गर्दै अगाडि बढ्ने गरेको बताउनु भयो। शाखा प्रमुख डिगरदेव पाण्डेले जिल्लामा आर्थिक गतिविधि बढाउने कार्यमा नेपाल राष्ट्र बैंकले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको चर्चा गर्दै अन्तरक्रिया कार्यक्रम निरन्तर भइरहनु पर्नेमा जोड दिनु भएको थियो।

अन्तरक्रियामा सहभागीहरूले बैतडी जिल्लामा बसाई सराईले गर्दा आर्थिक रुपले सक्रिय जनसंख्या घट्दै गएको कारण जिल्लाको आर्थिक गतिविधिमा नकारात्मक प्रभाव परेको, स्थानीय उत्पादन जस्तैः मह, घ्यू तथा अन्य अन्न बालीहरूको व्यावसायिक



कार्यक्रममा कार्यालयका सहायक निर्देशक ध्रुव कार्कीले अन्तरक्रिया आयोजना गर्नुको उद्देश्य र आवश्यकताका बारेमा चर्चा गर्दै बैतडी जिल्लाको आर्थिक अवस्था, वित्तीय पहुँच तथा बैंकिङ गतिविधिका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

गोठालापानीमा अवस्थित बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी तथा सरकारी निकायका प्रतिनिधिहरू, बैतडी उद्योग वाणिज्य संघका पदाधिकारीहरू, उद्योगी, व्यापारी तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको उक्त अन्तरक्रियामा कृषि विकास बैंकका उत्पादन तथा बजारीकरणमा लगानी गरेमा कृषकहरूको जीविकोपार्जन तथा आयआर्जनमा उल्लेख्य वृद्धि हुने तथा जिल्लाकै आर्थिक स्थिति समृद्ध हुने धारणा राखेका थिए। यसका लागि बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रकृयाको सरलीकरण, सहजीकरण तथा सदुपयोगितामा विशेष जोड दिइरहेको पनि जानकारी दिएका थिए। साथै, भारतीय सीमाना नजिकै र खुला रहेका कारण स्थानीय उत्पादनहरू उपलब्ध भए तापनि सामान्य वस्तुहरूको लागि पनि भारतीय सीमावर्ती बजार झुलाघाट जाने प्रवृत्ति रहेको सहभागीहरूले बताएका थिए।

# वित्त कम्पनीका सञ्चालकहरूसँगको अन्तरक्रिया सम्पन्न

वित्त कम्पनी सुपरिवेक्षण विभागले डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यतामा वित्त कम्पनीहरूका सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरूसँग संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण निवारण, जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा २०७५ भदौ २९ गते काठमाडौंमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

अन्तरक्रियामा सहभागी सञ्चालकहरूले राखेका जिज्ञासाको जवाफ दिँदै डेपुटी गभर्नर श्रेष्ठले संस्थाको कर्जा, लगानी, कर्मचारीको रूपरेखा वा व्यवस्थापन जस्ता दैनिक काम कारवाहीका सिलसिलामा सञ्चालकहरूले व्यवस्थापनलाई अनुचित दबाब दिन नहुने बताउनु भयो ।

कार्यक्रममा वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले



सो अवसरमा डेपुटी गभर्नर श्रेष्ठले संस्थाको सर्वोच्च निकाय सञ्चालक समिति हुने भएकोले व्यवस्थापनले नीति/नियम तथा निर्देशिकाहरूको पालना गरे/नगरेको अनुगमन गर्ने र संस्थालाई अग्रगामी दिशातिर उन्मुख बनाउने जिम्मेवारी पनि सञ्चालक समितिको भएको बताउनु भयो ।

वित्त कम्पनीहरूले सञ्चालक शिक्षा कार्यक्रमलाई तदारुकताका साथ लागू गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले सञ्चालकहरूले संस्थाका प्रमुख कार्यकारी अधिकृत वा अन्य कुनै तहको कर्मचारीबाट पनि बुझ्नु र सिक्नु पर्ने अवस्था आउन सक्ने बताउनु भयो ।

'वित्तीय प्रणालीमा भइरहेको प्रतिस्पर्धा तथा पुँजी वृद्धिका कारण व्यवसाय वृद्धि गराउनु पर्ने बाध्यता र यसका कारण सिर्जित होडबाजीले नै वित्त कम्पनीहरूमा समस्या बढिरहेको उहाँले बताउनु भयो । उहाँले भन्नुभयो, 'संस्थालाई कसरी टिकाउने भन्ने वित्त कम्पनीहरूको प्रमुख समस्या देखिन्छ । कतिपय समस्या वित्त कम्पनीहरूको सञ्चालक समिति र व्यवस्थापनबाटै छ भने कतिपय समस्या वित्तीय प्रणालीबाट आउने गर्छ ।'

सम्पत्ति शुद्धीकरणको विषयमा थ्रेसहोल्ड र शंकास्पद कारोबारका बारे निर्देशन जारी भइसकेपछि त्यस अनुरुप सञ्चालक शिक्षा कार्यक्रम हुनुपर्ने बताउनु भयो । सञ्चालक शिक्षा कार्यक्रममा सहभागी भई सकेपछि पनि सञ्चालकहरू अनभिज्ञ रहेको स्थितिबारे उहाँले चिन्ता प्रकट गर्नु भयो । देशको आर्थिक, मौद्रिक तथा वित्तीय परिसूचकहरूको अद्यावधिक ज्ञान सञ्चालकहरूमा हुनुपर्नेमा जोड दिँदै उहाँले नेपाल राष्ट्र बैंकको क, ख र ग वर्गको बैंक तथा वित्तीय संस्थालाई हेर्ने दृष्टिकोण समान रहेको बताउनु भयो ।

अन्तरक्रियामा वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक विश्रुत थापाले संस्थागत सुशासन तथा सम्पत्ति शुद्धीकरणका सम्बन्धमा देखिएका प्रमुख कैफियतहरूका बारेमा र कायम मुकायम निर्देशक भुवन बस्नेतले जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा देखिएका कैफियतहरूका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

प्रस्तुत कार्यपत्रमाथि अन्तरक्रियामा सबै वित्त कम्पनीका सञ्चालक समितिका अध्यक्ष तथा जोखिम व्यवस्थापन समिति हेर्ने सञ्चालकहरूसँग सामूहिक छलफल गरिएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल, विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक भुवन कँडेल, बैंक सुपरिवेक्षण विभागका निर्देशक रोशनकुमार सिग्देलको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रमको सञ्चालन वित्त कम्पनी सुपरिवेक्षण विभागका उपनिर्देशक प्रल्हाद गिरीले गर्नुभएको थियो ।

## वित्त कम्पनीका...

रहेकोले त्यसको तयारीमा वित्त कम्पनीहरूको व्यवस्थापन लाग्नुपर्ने बताउनु भयो ।

अन्तरक्रियामा नेपाल वित्तीय संस्था संघका अध्यक्ष तथा गुडविल फाइनान्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सरोजकाजी तुलाधरले वित्त कम्पनीले तालिम दिई योग्य बनाएका कर्मचारीहरू वाणिज्य बैंकमा जाने प्रवृत्तिले वित्त कम्पनीहरूलाई समस्या परेको बताउनु भयो । साथै, उहाँले कर्जाको जोखिम व्यवस्थापनको सवालमा वाणिज्य बैंक र विकास बैंक भन्दा वित्त कम्पनीहरू राम्रो रहेको बताउनु भयो ।

अन्तरक्रियामा वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक विश्रुत थापाले वित्त कम्पनीको जोखिम व्यवस्थापन विषयमा र कायम मुकायम निर्देशक भुवन बस्नेतले आन्तरिक नियन्त्रण प्रणालीका विषयमा प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि सहभागीहरू बीच छलफल गरिएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल, विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक भुवन कँडेल, लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक दयाराम शर्मा पंगेनी, वित्तीय जानकारी एकाइका उपनिर्देशक चन्द्रमणि निरौला लगायतको उपस्थिति रहेको थियो ।

वित्त कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन वित्त कम्पनी सुपरिवेक्षण विभागका उपनिर्देशक प्रल्हाद गिरीले गर्नुभएको थियो ।

# पोखरामा अनुशिक्षण कार्यक्रम सम्पन्न

पोखरा कार्यालयले सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको लागि सूचक संस्थाहरूको दायित्व विषयक अनुशिक्षण कार्यक्रम २०७५ असोज ५ गते पोखरामा सम्पन्न गऱ्यो ।



पोखरा कार्यालयका निर्देशक पोमनाथ गौतमको सभापतित्वमा सम्पन्न उक्त अनुशिक्षण कार्यक्रममा पोखरास्थित बैंक तथा वित्तीय संस्था, मनिचेञ्जर, रेमिट्यान्स कम्पनी, शेयर ब्रोकर तथा बीमा कम्पनीका प्रतिनिधिहरूका साथै गण्डकी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय, कास्की जिल्ला प्रशासन कार्यालय र कास्की मालपोत कार्यालयका अधिकृत प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको सुरुमा पोखरा कार्यालयका उपनिर्देशक अमर अधिकारीले अनुशिक्षण कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

कार्यक्रममा वित्तीय जानकारी एकाइका उपनिर्देशक देवेन्द्र गौतमले सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको लागि सूचक संस्थाहरूको दायित्व विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले देशमा हुन सक्ने सम्पत्ति शुद्धीकरणको निवारण तथा आतंकवादी क्रियाकलापको नियन्त्रणका लागि बैंक तथा वित्तीय संस्थाहरू लगायत सरोकारवाला सबैले नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

बैंक तथा वित्तीय संस्थाहरू, मनिचेञ्जर, मनिट्रान्सफर तथा बीमा कम्पनीहरूले आफ्ना ग्राहकहरूबाट हुने शंकास्पद कारोबार (Suspicious Transaction) को हकमा त्यस्तो कारोबार भएको ३ दिनभित्र र सीमा नाघेको कारोबार (Threshold Transaction) को हकमा कारोबार भएको १५ दिनभित्र वित्तीय जानकारी एकाइलाई अनिवार्य रूपमा सूचित गर्नुपर्ने उहाँले बताउनु भयो ।

नेपालले सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण (AML/CFT) सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धीहरूमा पक्ष राष्ट्रको हैसियतले प्रतिबद्धता जनाइसकेको हुँदा अन्तर्राष्ट्रिय सहयोगमा नकारात्मक प्रभाव पर्न नदिन तथा आर्थिक क्रियाकलापलाई पारदर्शी र नियमसम्मत बनाउन यसका प्रावधानहरूको प्रभावकारी रुपमा पालना गर्नुपर्ने उहाँले चर्चा गर्नुभयो ।

कार्यपत्र प्रस्तुतिको क्रममा उपनिर्देशक गौतमले सूचीकृत व्यक्ति पहिचान, उच्च पदस्थ व्यक्ति पहिचान, वास्तविक धनी पहिचान, बृहत ग्राहक पहिचान, सरलीकृत ग्राहक पहिचान र सो सम्बन्धमा जोखिम पहिचान लगायतका विषयमा प्रशिक्षण दिनुभएको थियो ।

प्रस्तुत कार्यपत्रमाथि छलफल हुँदा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ निर्देशक गौतम र कार्यपत्र प्रस्तोताले दिनुभएको थियो ।

कार्यक्रमको अन्त्यमा निर्देशक गौतमले धन्यवाद मन्तव्य सहित कार्यक्रमको समापन गर्नुभएको थियो ।

प्रशिक्षण कार्यक्रमको सञ्चालन पोखरा कार्यालयका कायम मुकायम सहायक निर्देशक विजया गौतमले गर्नुभएको थियो ।

# धनगढीमा बैंकिङ कानुन सम्बन्धी छलफल

बैंकिङ कानुन तथा नेपाल राष्ट्र बैंक सम्बन्धी कानुनी व्यवस्थाको परिमार्जन सम्बन्धमा धनगढी स्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूसँग छलफल गर्न २०७५ असोज १८ गते धनगढी कार्यालयको सभाहलमा एक छलफल कार्यक्रमको आयोजना गरियो ।

कानुन महाशाखाका निर्देशक रेवतीप्रसाद नेपालको प्रमुख आतिथ्यमा आयोजित उक्त कार्यक्रमको सभापति धनगढी कार्यालयका निर्देशक किरण पण्डित हुनुहुन्थ्यो ।

कार्यक्रममा निर्देशक नेपालले नेपाल राष्ट्र बैंक ऐन, बैंकिङ कानुन तथा नीतिहरूमा समयसापेक्ष्य सुधार तथा संशोधन भइरहेको चर्चा गर्दै बैंकले कानुन तथा नीतिहरू बनाउँदा बैंक तथा वित्तीय संस्थाहरूको हक हित तथा समग्र बैंकिङ क्षेत्रको सुशासनलाई ध्यानमा राख्ने गरेको बताउनु भयो ।

कार्यक्रमका सभापति निर्देशक पण्डितले बैंक तथा वित्तीय संस्थाहरूले नीति निर्देशनको पूर्ण पालना र संस्थागत सुशासन कायम गर्नु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले राखेका ग्राहक पहिचान, सम्पत्ति शुद्धीकरण र समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी जिज्ञासाको जवाफ निर्देशकद्वयले दिनुभएको थियो ।

कार्यक्रमको सञ्चालन कार्यालयका सहायक निरज पाण्डेयले गर्नुभएको थियो ।

# धनगढीमा ज्ञान आदानप्रदान

धनगढी कार्यालयले २०७५ असोज २१ गते कार्यालयको सभाहलमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यालयका निर्देशक किरण पण्डितको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा बैंकको जिएल सिस्टम सम्बन्धी समसामयिक विषय (Current Issues Relating to GL System) सम्बन्धमा छलफल गरियो ।

कार्यक्रममा कार्यालयका सहायकद्वय रामकुमार चौधरी र निरज पाण्डेयले धनगढी कार्यालयमा दैनिक कार्य सम्पादनका क्रममा GL system मा देखा पर्ने विभिन्न समस्याका बारेमा प्रस्तुति दिनुभएको थियो । साथै, उहाँहरूले कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ पनि दिनुभएको थियो ।

# वैदेशिक तालिममा सहभागिता

गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के AFI ले Tanzania मा २०१८ अक्टोबर ८ देखि १२ सम्म आयोजना गरेको BOT-AFI Joint Learning Program on Financial Inclusion विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा पोखरा कार्यालयका उपनिर्देशक वसन्तबहादुर थापा पनि सहभागी हुनुहुन्थ्यो ।

जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारी De La Rue ले बेलायतमा २०१८ अक्टोबर १ देखि ३ सम्म आयोजना गरेको Destruction Process of Materials Used & Wastage of Printing Notes विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक सम्राट रुपाखेती पनि सहभागी हुनुहुन्थ्यो ।

वित्तीय जानकारी एकाइका निर्देशक रामु पौडेल Egmont Group ले अष्ट्रेलियामा २०१८ सेप्टेम्बर २३ देखि २७ सम्म आयोजना गरेको Egmont Group Plenary Meeting मा सहभागी हुनुभयो । उक्त कार्यक्रममा सोही विभागका सहायक निर्देशक प्रशान्तबल्लभ पन्त पनि सहभागी हुनुहुन्थ्यो ।

टक्सार महाशाखाका निर्देशक अनुज दाहाल Banque Du Liban ले २०१८ सेप्टेम्बर २४ देखि २९ सम्म बेरुतमा आयोजना गरेको Mint and Print Conference मा सहभागी हुनुभयो ।

सामान्य सेवा विभागका निर्देशक दीपकराज लामिछाने, उपनिर्देशकद्वय जनशक्ति व्यवस्थापन विभागका सुमन न्यौपाने र सिद्धार्थनगर कार्यालयका प्रकाश राई तथा राष्ट्र ऋण व्यवस्थापन विभागका सहायक निर्देशक हिरण्य निरौला सिसनले फिलिपिन्समा २०१८ अक्टोबर १ देखि ५ सम्म आयोजना गरेको Analytics of Macroeconomics & Monetary Policy Management विषयक तालिममा सहभागी हुनुभयो ।

सामान्य सेवा विभागका कायम मुकायम निर्देशक आनन्द पौड्याल Federal Reserve Bank ले २०१८ सेप्टेम्बर २४ देखि २८ सम्म अमेरिकामा आयोजना गरेको Management in the Central Bank विषयक तालिममा सहभागी हुनुभयो ।

विकास बैंक सुपरिवेक्षण विभागका कायम मुकायम निर्देशक राजेन्द्र भट्टराई र उपनिर्देशक भुवनेश्वर भट्टराई तथा बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक बबी के.सी. IMF-SARTTAC ले २०१८ सेप्टेम्बर २३ देखि २९ सम्म भारतमा आयोजना गरेको Financial Sector Policies विषयक तालिममा सहभागी हुनुभयो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका कायम मुकायम निर्देशक भुवन बस्नेत Federal Reserve Bank ले २०१८ सेप्टेम्बर २४ देखि २७ सम्म अमेरिकामा आयोजना गरेको Supervision विषयक तालिममा सहभागी हुनुभयो ।

लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कायम मुकायम निर्देशक शैलेन्द्र रेग्मी तथा बैक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक ध्रुवविक्रम थापा IMF ले थाइल्याण्डमा २०१८ सेप्टेम्बर १८ देखि २१ सम्म आयोजना गरेको Financial Access Data विषयक तालिममा सहभागी हुनुभयो ।

सामान्य सेवा विभागका कायम मुकायम निर्देशक डिलाराम सुवेदी एसियाली विकास बैंकले २०१८ सेप्टेम्बर २५ देखि २६ सम्म फिलिपिन्समा आयोजना गरेको Strengthening the Enable Environment Disaster Risk Financing विषयक तालिममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक बासुदेव भट्टराई BIS ले २०१८ सेप्टेम्बर १७ देखि २१ सम्म थाइल्याण्डमा आयोजना गरेको BIS-Asian Reserve Management विषयक कार्यशालामा सहभागी हुनुभयो ।

उपनिर्देशकद्वय वित्त कम्पनी सुपरिवेक्षण विभागका सन्तोषकुमार लुईंटेल तथा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका लुमाकान्त भट्टराई र सहायक निर्देशकद्वय लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका शिवप्रसाद पहाडी तथा बैंक सुपरिवेक्षण विभागका सुनिल भण्डारी सिसनले २०१८ अक्टोबर ८ देखि १२ सम्म फिलिपिन्समा आयोजना गरेको Identification, Valuation and Resolution of Problem Loans विषयक तालिममा सहभागी हुनुभयो ।

सहायक निर्देशकद्वय आन्तरिक लेखापरीक्षण विभागका रामकुमार के.सी. तथा विदेशी विनिमय व्यवस्थापन विभागका अस्मिता गोर्खाली BIS ले २०१८ अक्टोबर १ देखि ५ सम्म स्विट्जरल्याण्डमा आयोजना गरेको Reserve Management विषयक तालिममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक माधवप्रसाद अधिकारी ISCB ले २०१८ अक्टोबर १ देखि ३ सम्म टर्कीमा आयोजना गरेको Foreign Exchange Reserve & Risk Management मा सहभागी हुनुभयो ।

सहायक निर्देशकद्वय बैंकिङ कार्यालयका गणेशप्रसाद लम्साल तथा विकास बैंक सुपरिवेक्षण विभागका सार्थक कार्की सिसनले २०१८ सेप्टेम्बर २४ देखि २८ सम्म मलेसियामा आयोजना गरेको Crisis Management & Resolution विषयक तालिममा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका सहायक निर्देशक विनय सिग्देल UNODC ले २०१८ अक्टोबर २४ देखि २६ सम्म थाइल्याण्डमा आयोजना गरेको Corruption and Financial Investigation विषयक कार्यशालामा सहभागी हुनुभयो ।

# अनिवार्य अवकाश

नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा (तेस्रो संशोधन) विनियमावली, २०७४ मा भएको व्यवस्था अनुसार कार्यकारी निर्देशकद्वय संस्थागत योजना विभागका उपेन्द्रकुमार पौडेल तथा राष्ट्र ऋण व्यवस्थापन विभागका डा. भुवनेशप्रसाद पन्तले ५८ वर्ष उमेर हदका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

सोही विनियमावलीमा भएको व्यवस्था अनुसार भुक्तानी प्रणाली विभागका निर्देशक रामहरि न्यौपाने, वीरगञ्ज कार्यालयका उपनिर्देशक सुभाषवीर माथेमा तथा सूचना प्रविधि विभागका कार्यालय सहयोगी प्रथम जयमान तामाङले ३० वर्षे सेवा अवधिका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

# विभिन्न पदमा बढुवाका लागि सिफारिस

बैंकमा २०७४ असार मसान्तसम्ममा रिक्त रहेको प्रशासन सेवातर्फको निर्देशक (अधिकृत प्रथम) पद संख्या ४, आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सन्दर्भमा लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षा तथा यस बैंकबाट लिइएको अन्तर्वार्ताको आधारमा सफल हुनुभएका उपनिर्देशकहरू धनगढी कार्यालयका दीर्घबहादुर रावल, वीरगञ्ज कार्यालयका निश्चल अधिकारी, मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखाका अनुज दाहाल तथा सामान्य सेवा विभागका दीपकराज लामिछानेलाई निर्देशक पदमा बढुवाका लागि सिफारिस गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ असोज ४ गतेको सूचनामा उल्लेख छ ।

बैंकमा २०७४ असार मसान्तसम्ममा रिक्त रहेको प्रशासन सेवातर्फको उपनिर्देशक (अधिकृत द्वितीय) पद संख्या १० आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सन्दर्भमा लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षा तथा यस बैंकबाट लिइएको अन्तर्वार्ताको आधारमा सफल हुनुभएका सहायक निर्देशकहरू आन्तरिक लेखापरीक्षण विभागका सुरेश शिवाकोटी, अनुसन्धान विभागका मनोज पोखरेल, बैंकिङ कार्यालयका अबन्तिका रिमाल, बैंक सुपरिवेक्षण विभागका मेदनीप्रसाद पोखेल, विकास बैंक सुपरिवेक्षण विभागका सुरेशकुमार दाहाल, अनुसन्धान विभागका खगेश्वर भण्डारी, विदेशी विनिमय व्यवस्थापन विभागका अरुणकुमार साह, बैंक तथा वित्तीय संस्था नियमन विभागका मदन पण्डित, अनुसन्धान विभागका रविन्द्र महर्जन तथा भुक्तानी प्रणाली विभागका डम्बर सुबेदीलाई उपनिर्देशक पदमा बढुवाका लागि सिफारिस गरिएको सोही विभागको २०७५ असोज ५ गतेको सूचनामा उल्लेख छ ।

बैंकमा २०७४ असार मसान्तसम्ममा रिक्त रहेको प्रशासन सेवातर्फको सहायक निर्देशक (अधिकृत तृतीय) पद संख्या ७ आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सन्दर्भमा लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षा तथा यस बैंकबाट लिइएको अन्तर्वार्ताको आधारमा सफल हुनुभएका प्रधान सहायकहरू जनकपुर कार्यालयका प्रियंका ठाकुर, जनशक्ति व्यवस्थापन विभागका उमा पहराई तथा वीरगञ्ज कार्यालयका भाष्करमान श्रेष्ठलाई सहायक निर्देशक पदमा बढुवाका लागि सिफारिस गरिएको सोही विभागको २०७५ असोज ६ गतेको सूचनामा उल्लेख छ ।

बैंकमा २०७४ असार मसान्तसम्ममा रिक्त रहेको प्रशासन सेवातर्फको प्रधान सहायक (सहायक प्रथम) पद संख्या ८ आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सन्दर्भमा लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षा तथा यस बैंकबाट लिइएको अन्तर्वार्ताको आधारमा सफल हुनुभएका सहायकहरू पोखरा कार्यालयका कृष्णप्रसाद खराल, वित्त व्यवस्थापन विभागका शारदा लोहनी, सिद्धार्थनगर कार्यालयका रमेश सारु, पोखरा कार्यालयका जीतेन्द्रराज शाक्य, बैकिङ कार्यालयका गोपीकृष्ण अर्याल, विराटनगर कार्यालयका रामकृष्ण राई, सिद्धार्थनगर कार्यालयका सुशिल खनाल तथा नेपालगञ्ज कार्यालयका जुना श्रेष्ठलाई प्रधान सहायक पदमा बढुवाका लागि सिफारिस गरिएको सोही विभागको २०७५ असोज ७ गतेको सूचनामा उल्लेख छ ।

उहाँहरू सबैलाई समाचार बधाई ज्ञापन गर्दछ ।

# निकटतम माथिल्लो पदको तलबमानमा मिलान

नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा (तेस्रो संशोधन) विनियमावली, २०७४ को विनियम ७५ को उप विनियम (३) को व्यवस्था अनुसार सहायक निर्देशकहरू बैंक तथा वित्तीय संस्था नियमन विभागका रविन्द्रप्रसाद सापकोटा, बैकिङ कार्यालयका एकराज सुवेदी, रामशरण सिंह, जनककुमार राजलवट, मनोहरप्रसाद तिमल्सिना, रघु थापा र निर्मला त्रिपाठी, नेपालगञ्ज कार्यालयका किरणकुमार श्रेष्ठ तथा राष्ट्र ऋण व्यवस्थापन विभागका पुष्करप्रसाद रिजाल, मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक (कम्प्युटर) राजेन्द्रकुमार बज्राचार्य, टक्सार महाशाखाका सहायक निर्देशक (मेकानिक्स) हरू श्यामकुमार श्रेष्ठ, रेवतीकुमार श्रेष्ठ तथा गुञ्जनकुमार श्रेष्ठको वार्षिक तलबमान निकटतम माथिल्लो पदले पाउने तलबमानमा मिलान गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ असोज ९ गतेको परिपत्रमा उल्लेख छ ।

त्यसै गरी उपसहायकहरू सिद्धार्थनगर कार्यालयका प्रेमबहादुर गाहा मगर, बैकिङ कार्यालयका टेकराज भण्डारी, मुद्रा व्यवस्थापन विभागका टीकाराम महरा तथा विराटनगर कार्यालयका नरेन्द्रप्रसाद मैनाली र मुद्रा यवस्थापन विभागका कार्यालय सहयोगी द्वितीय झनप्रसाद कोइरालाले पनि सो सुविधा प्राप्त गर्नु भएको छ ।

# अधिकृत तृतीय पदमा नयाँ नियुक्ति

बैंकमा रिक्त रहेको प्रशासन सेवा तर्फको सहायक निर्देशक (अधिकृत तृतीय) पद संख्या ४५ (खुला तर्फ २५, महिला तर्फ ७, आदिवासी/जनजाती तर्फ ५, मधेशी तर्फ ४, दलित तर्फ २, अपाङ्ग समूहतर्फ १, पिछडिएको क्षेत्र तर्फ १) खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सन्दर्भमा लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षा तथा यस बैंकबाट लिइएको अन्तर्वार्ताको आधारमा देहायका मुख्य उम्मेदवारहरूलाई नियुक्तिका लागि छनौट भएको जनशक्ति व्यवस्थापन विभागको २०७५ असोज १८ गतेको सूचनामा जनाइएको छ ।

यस अनुरूप रोशन दाहाल (खुला), रविन्द्र राजभण्डारी (खुला), अस्मिता खनाल (खुला), सागर गौतम (खुला), मुकेशप्रसाद शाह (खुला), प्रितिका लामा (खुला), कैलाश राजभण्डारी (खुला), रामकृष्ण राई (खुला), श्रीषा श्रेष्ठ (खुला), राजु राय (खुला), विनय केशरी (खुला), प्रसन्न पौडेल (खुला), मणि भण्डारी (खुला), अमिष ढुंगेल (खुला), प्रतिभा थापा (खुला), प्रतिष्ठा पनेरु (खुला), रविन भण्डारी (खुला), कुशल श्रेष्ठ (खुला), रामचन्द्र आचार्य (खुला), दिपेश यादव (खुला), पुष्कर खनाल (खुला), संजिवकुमार खड्का (खुला), दिनेशप्रसाद भण्डारी (खुला), महेशकुमार जोशी (खुला), रोजी थापा मगर (महिला), प्रतिक्षा रिजाल (महिला), कृष्ण सिग्देल (खुला), स्वेता तिमिल्सिना (महिला), रमेश पौडेल (अपाङ्ग), मेरिना श्रेष्ठ (महिला), अश्लेषा खरेल (महिला), आशा मानन्धर (महिला), प्रतिभा थापा (महिला), विनित जैन वैंगानी (मधेशी), रमेश सारु (आदिवासी/जनजाती), अनिलकुमार झा (मधेशी), रोलेन्द्रविक्रम जवेगु (आदिवासी/जनजाती), दिपेश वनेपाली (आदिवासी/जनजाती), ममिता गुरुङ स्वार (पिछडिएको क्षेत्र), नरेशकुमार सर्राफ (मधेशी), विद्यामान महतारा (आदिवासी/जनजाती), सुमन बलामी (आदिवासी/जनजाती), सोमराज नेपाली (दलित) तथा द्रोणबहादुर सिंह (मधेशी) लाई नयाँ नियुक्तिका लागि छनौट गरिएको छ ।

उहाँहरू सबैलाई समाचार बधाई ज्ञापन गर्दछ ।

# गभर्नर डा. नेपालद्वारा नेपाल वित्तीय समावेशीकरण पोर्टल सार्वजनिक

गभर्नर डा. चिरंजीबि नेपालले 'नेपाल वित्तीय समावेशीकरण पोर्टल' (Nepal Financial Inclusion Portal) को २०७५ असोज १४ गते एक समारोहका बीच काठमाडौंमा सार्वजनिक गर्नुभयो ।




समारोहमा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले यस पोर्टलको सुरुआतसँगै वित्तीय सेवा प्रदायक, वित्तीय क्षेत्रका साझेदार, सरोकारवाला र सर्वसाधारण सबैलाई देशको वित्तीय पहुँच सम्बन्धी जानकारी लिन सहज भएको उल्लेख गर्नुभयो ।

'यो पोर्टलले ग्रामीण क्षेत्रमा भएको वित्तीय पहुँच सम्बन्धी तथ्यांक र सूचना तुरुन्त हस्तक्षेप गर्न सक्ने गरी नियामक निकाय र सरकारलाई दिने छ' उहाँले भन्नुभयो, 'विद्युतीय बैंकिङ कारोबार लगायत अन्य वैकल्पिक बैंकिङ कारोबारको सम्बन्धमा पनि यस पोर्टलको माध्यमबाट अध्ययन गर्न सहज हुनेछ ।'

यस पोर्टलले सर्वसाधारण सबैमा आर्थिक पहुँच वृद्धि गर्न सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्दै गभर्नर डा. नेपालले यस पोर्टलमा बैंक तथा वित्तीय संस्थाको आर्थिक कारोबार र वित्तीय स्थिति सम्बन्धी सम्पूर्ण जानकारी हुने भएकोले वित्तीय सेवा प्रदायक, साझेदार र सरोकारवाला निकाय तथा नीति निर्माताका लागि यो अति महत्वपूर्ण रहेको बताउनु भयो ।

यस पोर्टलको सुरुआतबाट आफू अत्यन्तै हर्षित भएको बताउँदै उहाँले यो पोर्टलले सरकार र केन्द्रीय बैंक दुवैलाई वित्तीय पहुँच विस्तार र आर्थिक वृद्धिका लागि आवश्यक वित्तीय पूर्वाधार तयार गर्न सहयोग पुऱ्याउने अपेक्षा व्यक्त गर्नुभयो । साथै, उहाँले यस पोर्टललाई वित्तीय सेवा केन्द्रको रूपमा मात्र सीमित नराखी सबै प्रदेश र स्थानीय तहमा विस्तार गर्दै प्रविधियुक्त बनाइनु पर्नेमा जोड दिनुभयो ।




समारोहमा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक बमबहादुर मिश्रले स्वागत मन्तव्य राख्नुभएको थियो भने सोही विभागका कायम मुकायम निर्देशक नरेन्द्रसिंह विष्टले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

समारोहमा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) का राष्ट्रिय उपनिर्देशक आयशने भेडागंगोडा लबे र संयुक्त राष्ट्र संघीय पुँजी विकास कोष (UNCDF) का फ्रान्सिस कोपेन्नेले पनि आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

समारोहको सञ्चालन बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक सुशिल ज्ञवालीले गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंकले संयुक्त राष्ट्र संघीय पुँजी विकास कोषको सहयोगमा बैंक तथा वित्तीय संस्था सम्बन्धी सूचना सर्वसाधारण जनतासम्म सर्वसुलभ पहुँच विस्तार गर्न नेपाल वित्तीय समावेशीकरण पोर्टलको सुरुआत गरेको हो । यस पोर्टल मार्फत बैंक तथा वित्तीय संस्थाहरूको स्थानीय तहगत, जिल्लागत तथा प्रदेशगत आर्थिक स्थिति, ऋण प्रवाह स्थिति, निक्षेप संकलन स्थिति लगायतका वित्तीय विवरणको जानकारी इन्टरनेटको माध्यमबाट हेर्न सकिने छ । यसका साथै पोर्टलको सहयोगबाट केन्द्रीय बैंकले देशभरिका बैंक तथा वित्तीय संस्थाको आर्थिक अवस्था र शाखारहित बैंकिङ तथा वित्तीय संस्थाको कारोवारको सहज अनुगमन गर्न पनि सहज हुने भएको छ ।

यो पोर्टल emap.nrb.org.np वा नेपाल राष्ट्र बैंकको वेबसाइट www.nrb.org.np को Quick Links मा गएर हेर्न सकिन्छ ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
सुरेश पन्त

**सम्पादन सहयोगी**
रामकाजी खाइजू
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-५७०६११६, ५७०५५१८